आज मिति २०८२ साल मंसिर २५ गते बिहिबारका दिनको २.०० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको नियमित बैठक नगर प्रमुख श्री अशोक कुमार ब्याजु श्रेष्ठज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा उनन्चासौं बैठक बस्यो ।

उपस्थिति

| सि.नं | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री अशोक कुमार ब्याजु श्रेष्ठ | |
| २ | उप-प्रमुख | श्री निराजन जंगम | |
| ३ | वडा अध्यक्ष | श्री सन्त बहादुर लामा | |
| ४ | वडा अध्यक्ष | श्री अर्जुन न्यौपाने | |
| ५ | वडा अध्यक्ष | श्री गणेश आचार्य | |
| ६ | वडा अध्यक्ष | श्री उत्तम प्रसाद तिमल्सिना | |
| ७ | वडा अध्यक्ष | श्री प्रमोद सुन्दर श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री संजय कोजू | — |
| ९ | का.वा. वडा अध्यक्ष | श्री ~~सेमी प्रसाद श्रेष्ठ~~ प्रमिला बि.क. | |
| १० | वडा अध्यक्ष | श्री बिनोद गौतम | |
| ११ | का.वा.वडा अध्यक्ष | श्री बालकृष्ण गौतम | |
| १२ | वडा अध्यक्ष | श्री गोविन्द प्रसाद उपाध्याय | |
| १३ | वडा अध्यक्ष | श्री नारायण प्रसाद बडाल | |
| १४ | वडा अध्यक्ष | श्री मोहन प्रसाद लामिछाने | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री सिता पराजुली | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सन्जु तामाङ | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सजना खड्गी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री मिरु कुमारी भण्डारी | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्टराई (काफ्ले) | |
| २० | नगर कार्यपालिका सदस्य | श्री रत्न कुमारी सेवा | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री राम सुन्दर सुन्दास | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री सुमी भुजेल | |
| २३ | सचिव | श्री मोहन प्रसाद मरासिनी | |

Scanned with CamScanner

४९ औं कार्यपालिका बैठकको बैठकका एजेण्डाहरु

१.४८ औं कार्यपालिका बैठकको निर्णय समिक्षा,
२.भुमि वर्गीकरण सम्बन्धि प्रारम्भिक प्रतिवेदन पेश,
३.विविध,
क. बिपद व्यावस्थापन समितिबाट भएको निर्णयहरु अनुमोदन,
ख. वडा नम्बर ८ को बजेट रकमान्तर,
ग. हरिसिद्दी पाटीको निर्माण सम्बन्धि ठेक्का सुचना प्रकाशन,
घ. पदपूर्ति समितिको निर्णय अनुमोदन,
ङ. फोहरमैला व्यावस्थापनको लागि वातावरण प्रभाव मूल्याकन गर्ने,
च. घर जग्गाको मुआब्जा सम्बन्धमा,
छ. लायन्स क्लब संगको साझेदारीमा धुलिखेल अस्पतालका लागि डायलासिस मेसिन उपलब्ध गराउने सम्बन्धमा,
ज. प्रशासकीय भवनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

४९ औं कार्यपालिका बैठकमा पेश भएका एजेण्डा/प्रस्तावमा छलफल गरी सर्वसम्मत रुपमा देहायका निर्णयहरु गरियो ।

१. नगरकार्यपालिकाको ४८ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरियो। साथै कार्यान्वयन हुन बाँकी निर्णयको सम्बन्धमा शिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

२. भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ ले सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्र भित्रको जमिनको कृषियोग्य र गैरकृषि क्षेत्र छुट्याउने, अनियन्त्रित कित्ताकाट र प्लटिङ रोक्ने, स्थानिय विकास योजनासँग जमीनको प्रयोग मिलाउने लगायत कार्य गरी जमिनको उपयोगलाई व्यवस्थित गर्न निर्देशन गरे अनुसार भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ बमोजिम जमिनको वर्गीकरण गरी पेश गर्न नगरपालिका कार्यालय र नेस्ट कन्सल्टेन्सी (परामर्शदाता) बीच सम्झौता भएकोमा परामर्शदाताले तयार गरेको जमिनको बर्गिकरण सम्बन्धि प्रारम्भिक प्रतिवेदनमा आजको बैठकमा छलफल भयो । कार्यपालिका बैठकमा उठेका सुझाव सहित समेटी अन्तिम प्रतिवेदन पेश गर्न परामर्शदातालाई निर्देशन दिने ।

३. विविध

क. विपद व्यवस्थापन समितिबाट भएको निर्णयहरु तथा खर्च अनुमोदन : बिषयगत समिति अन्तर्गतको विपद व्यवस्थापन सिमितिबाट हालसम्म भएका निर्णय र विपद व्यवस्थापन अन्तर्गत भएका खर्चहरु अनुमोदन गर्ने ।

ख. वडा नम्बर ८ को बजेट रकमान्तर : आर्थिक बर्ष २०८२.८३ का लागि स्वीकृत बजेट अन्तर्गत वडा नम्बर ८ को वडा स्तरीय बजेटको खर्च शीर्षक नम्बर १४ को पुरीटोल सडक

CS Scanned with CamScanner

स्तरउन्नती शिर्षकको रु ३००००००/० परिवर्तन गरी ५० प्रतिशत अनुदानमा वडाका कृषकलाइ कृषि यान्त्रिकरण वितरण गर्न बजेट रकमान्तर गर्न वडा सिमितिबाट शिफारिस भै आएकोले आगामी हिउँदे नगरसभाबाट अनुमोदन गर्ने गरी रकमान्तर गर्ने ।

ग. हरिसिद्दी पाटीको निर्माण सम्बन्धि ठेका सुचना प्रकाशन : आर्थिक वर्ष २०८२.८३ का लागि स्वीकृत बजेट अन्तर्गत हरिशिद्दी पाटी निर्माणका लागि रु ५० लाख विनियोजन भएकोमा योजनाको लागत अनुमान रु १ करोड २० लाख भन्दा बढी आएकोले बहुवर्षिय योजनाको रुपमा ठेका सुचना प्रकाशन गर्न कार्यालयलाई अनुमति दिने ।

घ. पदपूर्ति सिमितिको निर्णय अनुमोदन : नगर कार्यपालिका कार्यालयको मिति २०८०.६.३० को पदपूर्ति सम्बन्धि सुचना बमोजिम पदपूर्ति सिमितिबाट भएका निर्णय तथा पदपूर्ति सम्बन्धि कार्यलाई अनुमोदन गर्ने ।

ङ. फोहरमैला व्यावस्थापनको लागि वातावरण प्रभाव मूल्याकन गर्ने : धुलिखेल नगरपालिका क्षेत्र भित्रबाट निस्किने फोहरमैलाको उचित व्यवस्थापन गरि पुन प्रयोगयोग्य सामग्रीको उत्पादन गर्ने र फोहोरमैला व्यवस्थापन कार्यलाई उद्योगको रुपमा बिकास गर्न वातावरण प्रभाव मुल्यांकन गर्नु पर्ने भएकोले नेपाल सरकारको नाममा रहेको साबिक धुलिखेल वडा नं ९ को कित्ता नं ८६८ क्षेत्रफल २८६०.०.० जग्गा मध्ये पश्चिमपट्टीको बिपि राजमार्गको भाग कटाई १०.०.० जग्गामा फोहरमैला व्यवस्थापन तथा ज्ञान केन्द्र स्थापना गर्ने गरि उक्त स्थानको जग्गा प्राप्तिको प्रकृया अगाडी बढाउने ।

च. घर जग्गाको मुआब्जा सम्बन्धमा : काभ्रेपलाञ्चोक जिल्ला साबिकको श्रीखण्डपुर गाउ बिकास समिति वडा नम्बर ९ हाल धुलिखेल नगरपालिका वडा नम्बर ४ बस्ने ऋषिराम दुलालको श्रीमती चन्द्र कुमारी दुलाल र सोही स्थान बस्ने ऋषिराम दुलालको छोरा प्रविन दुलाल पक्ष तथा जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक, धुलिखेल नगरपालिका कार्यालय, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन डिभिजन कार्यालय भक्तपुर, सडक विभाग ललितपुर र भौतिक योजना तथा निर्माण मन्त्रालय सिंहदरबार बिपक्षी भएको ०७५-WO-०७२७ को मुआब्जा सम्बन्धी मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८१/१२/१९ मा भएको परमादेश र सोही आदेश/फैसला बमोजिम मुआब्जा तथा क्षतिपूर्ति बापतको रकम दिलाई पाउँ भनि ऋषिराम दुलालले मिति २०८२/४/१४ मा धुलिखेल नगरपालिकामा दिएको निवेदन सम्बन्धमा छलफल हुँदा अरनिको राजमार्ग बिस्तार गर्ने क्रममा संघीय सडक सुपरिवेक्षण तथा अनुगमन डिभिजन कार्यालय भक्तपुरको मिति २०७५/५/२८ को सुचना बमोजिम संघीय सडक आयोजनाले सडकको क्षेत्राधिकार भित्रको संरचनाहरु खाली गरेको हुंदा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८१/१२/१९ मा भएको परमादेश बमोजिम मुआब्जा तथा क्षतिपूर्ति दिने दायित्व धुलिखेल नगरपालिकाको नभएको व्यहोरा सम्बन्धित पक्षलाई दिने ।

छ. लायन्स क्लब संगको साझेदारीमा धुलिखेल अस्पतालका लागि डायलासिस मेसिन उपलब्ध गराउने सम्बन्धमा : लायन्स क्लब इन्टरनेसनल नमोबुद्ध शाखाले धुलिखेल अस्पतालका लागि २० थान डायलासिस मेशिन उपलब्ध गराउन लागेको र लायन्स क्लबले नगरपालिकाको समेत लागत साझेदारीका लागि अनुरोध गरेको हुनाले नगरपालिकाबाट बढीमा २०% सम्म लागत साझेदारी गर्ने ।

CS Scanned with CamScanner